प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## डिप बोरिङ्ग निर्माण कार्यका लागी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०९/२७

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचित क्षेत्र बिस्तारका लागि डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ अनुसार डिप बोरिङ्ग निर्माण कार्यका लागी इच्छुक यस प्रदेशका चितवन, मकवानपुर, सिन्धुली र काठमाण्डौ उपत्यका भित्रका कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कृषि उद्यमी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको ३०औं दिनसम्ममा कार्यालय समय भित्र निर्देशनालयमा आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपशिल</u>

(१) १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,

(२) अनुसुची २ वमोजिमको बिबरण तथा सो बिवरणको पुस्ट्याँई गर्ने कागजातहरु

(३) उपभोक्ता समितीको हकमा पदिधिकारीहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(४) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) तथा गत आ.ब. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिप,

(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धतापत्र,

(६) प्रदेश लेखा नियन्त्रणा कार्यालय, हेटौंडाको राष्टिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं. १३००५०२००००००, निर्देशनालयको ३०५०१३२०१३ मा प्रती हेक्टर रु. १०००/- का दरले रकम जम्मा गरेको संक्कल भौचर एक प्रति

(७) समुह वा संस्थाको हकमा समितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

थप जानकारीका लागी कृषि बिकास निर्देशनालय, प्रदेश नं. ३ , हेटौंडा फोन न ०५७५२०४६६ बा डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ निर्देशनालयको **website: doad.p3.gov.np** मा हेर्न सकिने छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## कृषि विकास कार्यक्रममा सहभागी हुन पुनः प्रस्ताव आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/०९/२७

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाको आ.व.२०७६/७७ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरुको कार्यान्वयनको लागि मिति २०७६/०७/२६ गते सूचना प्रकाशन भई प्रस्ताव आव्हान भएकोमा कुनै पनि प्रस्तावहरु रितपूर्वक पेश नभएकोले रद्द भएको छ। तसर्थ उक्त कार्यक्रमहरु कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रम सञ्चालन कार्यविधिले तोकिए बमोजिमका शर्तहरु पालन गरि साझेदारी गर्न इच्छुक आवेदक वा प्रस्तावकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७६/१०/१२ कार्यालय समय) भित्र कार्यविधिहरुमा तोकिएको कागजातहरु संलग्न गरि प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा बजेट | साझेदार संस्था | स्वीकृत कार्यविधिको नाम | लागु गरिने जिल्ला | प्रस्ताव पेश गर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | एग्री मार्ट निमार्ण तथा स्थापना | संख्या | ३ | ३० लाख | निजि/सहकारी | एग्री मार्ट निमार्ण तथा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६** | चितवन (१), मकवानपुर (१), काठमाडौं उपत्यका (१) | कृषि विकास निर्देशनालय |
| २ | मागमा आधारित कोल्ड च्याम्वर/ कोल्ड स्टोर निर्माण | संख्या | १५ | २२५ लाख | समूह/सहकारी/ निजि क्षेत्र | कोल्ड च्याम्वर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | प्रदेश भर | कृषि विकास निर्देशनालय |
| ३ | गोलभेडा प्रशोधन उद्योग स्थापना | संख्या | १ | २५ लाख | सहकारी/ कृषि उद्यमी | गोलभेडा प्रशोधन उद्योग स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | मकवानपुर वा ललितपुर | कृषि विकास निर्देशनालय |

नोट: (१)** कार्यविधिमा VAT उल्लेख भएकोमा PAN मात्र भए हुने र नगद मौज्दातको प्रमाणको हकमा सहकारीको पत्रलाई समेत आधार बनाउन सकिने (२०७६/०९/२४ को मन्त्रीस्तरको निर्णय)